# CIM

## FACTS Newsletter

मेरो देश मेरै उत्पादन

भाद्र २०७८
(अंक ५)





Chamber of Industries, Morang

Sahid Marg
Biratnagar-02

021-515712

cim.biratnagar@gmail.com

# सम्पादकीय

भन्सार विभागको तथ्यांक अनुसार आर्थिक वर्ष २०७७/७८ मा निर्यात ४४.४३ प्रतिशतले वृद्धि भई १ खर्ब ४१ अर्ब पुगेतापनि आयात १५ खर्ब ३९ अर्बको हुनाले कुल व्यापार घाटा झण्डै १४ खर्बको रहयो । गत आर्थिक वर्षको नेपालको कुल वैदेशिक व्यापार हेर्ने हो भने भारतबाट मात्र ९ खर्ब ७१ अर्बको वस्तु आयात हुदा नेपालबाट भने जम्मा १ खर्ब ६ अर्बको बराबरको सामान भारत निकासी भएको छ ।

नेपालको निर्यात व्यापार कमजोर हुनुको मुख्य आधारहरुलाई हेर्नेहो भने औद्योगिक पूर्वाधारको अभाव, विश्वको बजारमा नेपाली वस्तुको न्यून उपस्थिती, निर्यातका लागि वस्तुको विविधिकरण गर्नु नसक्नु, प्रकृयागत जटिलता, वस्तुको गुणस्तर र उत्पादन लागत, तुलनात्मक र प्रतिप्पर्धात्मक लाभका क्षेत्रहरु पहिचान गर्न नसक्नु, वढदो लजिस्टिक खर्च, विश्ववजारको परिवर्तनशिल अवस्था अनुरुप नीति योजनाहरु तर्जुमा गर्न नसक्नु प्रमुख कारणहरु मध्ये हुन ।

निर्यात प्रवर्द्धनमा देखिएका मुख्य समस्या समाधान गर्दै वस्तु निर्यातको माध्यमबाट लाभ लिन नेपालले अन्तर्राष्ट्रिय वजारमा भन्सार तथा कररहित प्रवेश, कोटारहित सुविधाको उपयोग, अनुदान, निर्यातमा सहुलियतपूर्ण बजार पहुच स्थापना गर्न यसअघि विभिन्न देशहरुसंग भएका सम्झौताहरुको सुक्ष्म अध्ययन गरी सन्धि सम्झौता कार्यान्वयनमा देखिएको कमीकमजोरीहरुलाई सच्याउदै उक्त सुविधाहरु उपभोग गर्न कूटनीतिक र प्रशासनिक संयन्त्रहरु परिचालन गरी निर्यात व्यापारलाई प्रवर्द्धन गर्ने वातावरण तयार गर्नुपर्दछ ।



# Macroeconomic Indicators

## 2020/21**

### External Sector ( Growth in Percent)

| | |
|---|---|
| **44.4** Export Growth | **28.6** Import Growth |
| **1.2** BOP(-Deficit) (Rs. in billion) | **-333.6** Current Account Balance (Rs. in billion) |
| **9.00** Workers Remittances (Rs. in billion) | **-1,398.7** Trade Balance (Rs. in billion) |
| **-865.2** Trade Balance with India (Rs. in billion) | **1,399.0** Gross Foreign Exchange Reserves (Rs. in billion) |

*Real sector figures are preliminary estimate by CBS in 2021*

# Exports of Major Commodities*

## (F.Y. 2020/21P)


* Top 20 exports commodities are selected based on Eleven Months data of FY 2020-21




- **42,347.4** Soyabean oil (34.9%)
- **6,627.9** Cardamom (5.5%)
- **6,471.6** Woolen Carpet (5.3%)
- **6,380.2** Polyster Yarn + Threads (5.3%)
- **6,039.6** Jute Goods (5.0%)
- **3,826.4** Juice (3.2%)
- **3,146.6** Readymade garment (3.2%)
- **2,968.2** Textiles (2.4%)
- **2,220.2** Pashmina (0.4%)
- **2,006.5** Oil Cakes (1.7%)
- **1528.9** Herbs (1.3%)
- **1,415.3** Medicine (Ayurvedic) (1.2%)
- **1,220.4** Noodles (1.0%)
- **1,047.0** Rosin (0.9%)
- **879.7** Tooth Paste (1.7%)
- **718.1** Shoes and Sandles (0.6%)
- **690.8** Silverware and Jewelleries (0.6%)
- **606.5** Zinc Sheet (0.5%)
- **500.4** Handicraft Goods and other handicrafts (0.4%)
- **486.3** Pulses (0.4%)

Source: Trade and Export Promotion Centre

# Major Trading Partners of Nepal (Exports)



Source: Trade and Export Promotion Centre

Magic

NEXT GEN FOOTWEAR

# Feathery weight with Sleek Style



**Available at:**

**MRP.1145/-**

MARY COLLECTION

COLOR OPTIONS AVAILABLE

## निर्यात प्रवर्द्धनका लागि आर्थिक वर्ष २०७८/७९ को वजेटमा भएको व्यवस्था

- अलैची, चिया, कफि, अदुवा, जडिवुटी लगायत नेपालको पर्यावरण अनुकुल र मौलिक पहिचान भएको उत्पादनको प्रशोधन, प्याकेजिङ्ग र ब्राण्डिङ्ग गरी अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त गुणस्तर प्रमाणीकरण सहित निकासी प्रर्वद्धन गर्न नीजि क्षेत्रलाई थप सहुलियत प्रदान गरिने छ ।

- साना तथा मझौला उद्योगबाट उत्पादित वस्तुको निर्यात वढाउन निर्यात गृहको स्थापना र संचालन गर्न निजी क्षेत्रलाई वण्डेड वेयर हाउसको सुविधा प्रदान गरिनेछ । तयारी पोशाक, पस्मिना, गलैँचा, जुट, रेशम र कपासमा आधारित निर्यातजन्य वस्तुको उत्पादन एव निर्यात प्रर्वद्धन गरिने छ ।

- अघिल्लो आर्थिक वर्ष भन्दा थप परिमाण र मुल्यको सामाग्री निर्यात गर्ने निर्यातकर्तालाई थप अनुदान दिने व्यवस्था गरिनेछ । निर्यात अनुदानहरु उत्पादकको तहसम्म पुर्‍याइने छ ।

- छिमेकी मुलुकहरुसँगको वाणिज्य तथा व्यापार सन्धी पुनरावलोकन गरिनेछ । मित्रराष्ट्र भारत तथा चिनबाट प्राप्त पारवाहन सुविधाको अधिकतम उपयोग गरी तेस्रो मुलुकसँगको व्यापार विस्तार गरिने छ ।

## वाणिज्य नीति, २०७२ मा निर्यात प्रवर्द्धनका लागि सरकारको कार्यनीति

- निजी क्षेत्रको अगुवाईमा निर्यात व्यापारलाई प्रतिस्पर्धी बनाउन सरकारबाट सहजकर्ता, उत्प्रेरकको भूमिका निर्वाह गरिनेछ ।
- नेपालको निर्यात व्यापार अभिवृद्धिका लाग प्रक्रियागत व्यवस्थामा सुधार गरी सरल र पारदर्शी बनाइनेछ । विद्युतीय व्यापारको प्रर्वद्धन गरिनेछ ।
- प्रमुख निर्यातकर्ता एवं विदेश नेपाली वस्तुका आयातकर्तालाई सम्मान गरिने छ ।
- प्राथमिकता प्राप्त निर्यातमूलक वस्तुका उत्पादक र निकासीकर्तालाई मूल्य अभिवृद्धिका आधारमा छुट र प्रोत्साहनको व्यवस्था गरिने छ ।
- आयात गरेको वा स्थानीयस्तरमा खरिद गरेको कच्चा तथा सहायक कच्चा पदार्थमा लागेको कर निर्यात परिमाणको आधारमा फिर्ता दिईनेछ । नविनतम प्रविधिहरुको आयातमा प्रोत्साहन तथा सुविधा उपलब्ध गराईनेछ ।
- निर्यात हुने वस्तु र उत्पादनका लागि आवश्यक कच्चा पदार्थ, मेशिन मुलुकभित्र ओसारपसार गर्दा कुनै कर नलाग्ने व्यवस्था गरिने छ । प्रतिस्पर्धी वस्तुहरुको पहिचान, छनौट, विकास, प्रवर्द्धन र निर्यातका लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ ।
- निर्यातजन्य वस्तुहरुको उत्पादन क्षमता, गुणस्तर वृद्धि गर्न आवश्यक पर्ने सीप, पूँजी, प्रविधि आदि उपलब्ध गराउन सहयोग पुर्‍याइनेछ । निर्यात व्यापारका गैर भन्सारजन्य अवारोधहरु हटाई निर्यात प्रवर्द्धन गरिने छ ।
- निर्यात सम्भावना भएका वस्तुहरुको प्रशोधन गरी निर्यात गर्न Common Facility Center स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

# निर्यात प्रवर्द्धनका लागि उद्योग संगठन मोरङको सुझाव




### १. Duty Draw Back सुविधा सम्बन्धमा ।

भारत तथा तेश्रो मुलुकबाट विभिन्न प्रकारका कच्चा पदार्थ आयात गरी मूल्य अभिवृद्धि गरी वस्तु उत्पादन गर्ने उद्योगले एउटा वस्तु उत्पादनका लागि विभिन्न प्रकारका कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ आयात गर्नु पर्नेहुदा त्यस्को Value Addition गणना गर्न र Duty Draw Back सुविधा प्राप्त गर्न अत्यन्तै जटिल भएकाले यस्तो व्यवस्था परिमार्जन गरि वस्तु उत्पादनमा धेरै कम्पोनेन्ट प्रयोग हुने उत्पादनको हकमा प्रति केजिका दरले Duty Draw Back सुविधा उपलब्ध गराउनु पर्दछ ।

---

### २. Anti-dumping सम्बन्धमा ।

नेपालबाट निर्यात हुने जुटका उत्पादनहरुमा भारतले लगाएको Anti-dumping को ५ वर्षे अवधि पुरा भइसकेकोले पुनः समयावधि थप गर्नुपूर्व नेपाली पक्षबाट यस सम्बन्धमा Sunset Review का लागि भारतको सम्बन्धित निकाय याचिका (Petition) दायर गर्नुपर्ने भएकाले नेपाल सरकारका तर्फबाट नेपाली जुटका उत्पादनमा लाग्दै आएको anti-dumping खारेजीका लागि याचिका दायर गरि जुट उत्पादनलाई प्रवर्धन गर्नु पर्दछ ।



---





### ३. Bonded Ware House सुविधा सम्बन्धमा ।

Bonded Ware House को सुविधा लिन प्रत्येक वर्ष नविकरण गर्नुपर्ने र प्रत्येक पटक पहिले बुझाएकै कागजातहरु माग गर्नुका साथै यस्तो सुविधा प्राप्त गर्न भन्सार विभाग नै पुग्नुपर्ने बाध्यकारी र झन्झटिलो प्रकृयाका कारण उद्योगहरु उक्त सुविधाबाट वंचित हुदै आएकाले प्रकृयागत जटिलतालाई सरलीकृत गर्दै सहज व्यवस्था हुनुपर्दछ ।

---

### ४. नमुना परिक्षण तथा प्रयोगशालाको व्यवस्था सम्बन्धमा ।

खाद्य वस्तु भारत निर्यात गर्नका लागी अनिवार्य रुपमा ल्याव परिक्षणका लागि (FSSAI परिक्षण) कोलकात्ता पठाउनु पर्ने र परिक्षण प्रतिवेदन प्राप्त गर्न कम्तीमा १५ दिन लाग्ने भएकाले जोगवनी स्थित ICP मा ल्याब सुविधा उपलब्ध हुने व्यवस्था गरि सहजता प्रदान गर्नु पर्दछ ।



---



### ५. मिल मेशिनरीको पार्टपूर्जा आयात सम्बन्धमा ।

उद्योगहरुले आयात गर्ने स-सानो परिमाणको कन्साईनमेन्ट तथा स्पयेर पार्टसमा समेत Bill of Entry पेश गर्नुपर्ने प्रावधानले धेरै समय लाग्दै आएकाले बिललाई नै आयात मान्नु पर्ने तथा निश्चित रकम तोकी उक्त रकम भन्दा माथिको कन्साईमेन्ट र मेशिनेरी पार्टस आयातमा मात्र Bill of Entry आवश्यक हुने व्यवस्था गर्नु पर्दछ ।

## ६. पूर्वाधार तथा पारवाहन सम्बन्धमा ।

लामो समय देखि जग्गा मुआब्जा विवादको कारण विराटनगरको महेशपुरमा निर्माण हुनुपर्ने रेल्वे परियोजनाको कार्य अगाडी बढ्न नसकेको हुंदा जग्गा मुआब्जा विवादलाई यथाशिघ्र समाधानका लागि मन्त्रालयबाट आवश्यक सहजीकरण गरि रेल्वे सेवा सिघ्र सञ्चालनमा ल्याइउनु पर्दछ ।

सुनसरीको अमडुवामा रहेको साल्ट ट्रेडिङको ६५० विघा जग्गामा निर्यातमुलक उद्योगका लागी आवश्यक सम्पूर्ण पूर्वाधार सुविधा सहितको क्रश बोर्डर औद्योगिक क्षेत्र निर्माण गर्न सरकारले बजेटमा नै व्यवस्था गरिसकेकोले निमार्ण कार्यको प्रकृया यथासिघ्र सुरु गरिनु पर्दछ ।

समय समयमा कलकत्ता बन्दरगाहमा आउने झन्झटिलो एवं लामो प्रकृयागत जटिलताका कारण वर्षेनी अतिरिक्त लजिष्टिक शुल्कका रुपमा ठुलो रकम विदेश गइरहेको तथा उत्पादन लागत बढ्न गई स्वदेशी उत्पादन प्रतिष्पर्धी बन्न नसकेको अवस्थालाई मनन गरी यस सन्दर्भमा प्रधानमन्त्री स्तरिय बैठकमा साहेबगञ्ज र कालुघाटमा Water Terminal बनाई बन्दरगाहबाट सिधै त्यहांसम्म जलमार्गबाट ढुवानी गर्ने तथा त्यहांबाट सडक मार्ग वा रेल मार्गबाट नेपाल सम्म ल्याउने गरि भएको सहमति अविलम्ब कार्यान्वयनमा ल्याउने तर्फ काम गर्नु पर्दछ ।

मित्र राष्ट्र चिनसंग प्रधानमन्त्री स्तरिय भ्रमणमा भएको Transit/ Transportation Agreement सम्झौतामा Tianjin, Liyanyungang, Shenzen, Zhanjiang बन्दरगाहहरुबाट नेपाललाई अन्तर्राष्ट्रिय बजार पहुंच खुला गरिएतापनि यस रुटबाट कार्गो ल्याउंदा लाग्ने लागत, कागजी प्रकृयाको अन्योलताका साथै नीतिगत अस्पष्टताले हालसम्म कुनैपनि व्यवसायिक कार्गो आउन नसकेको हुंदा अन्तर्राष्ट्रिय व्यापारका लागि भारतीय मार्गमा मात्र रहेको परनिर्भरता हटाउने बहुआयामिक महत्वका साथ हेरिएको यो सम्झौता कार्यान्वयनका साथै चिनबाट कार्गो ल्याउदा आवश्यक कागजी प्रकृयामा सरलिकरण र अतिरिक्त शुल्क सरकारले बहन गर्ने गरि नीजि क्षेत्रलाई अभिप्रेरित गर्नुपर्दछ । उदाहरणका लागि साउथ कोरियाबाट आयात गरिने गाडीहरु वा अन्य वस्तुहरु ल्याउन Tianjin पोर्टको प्रयोगलाई परिक्षण गर्न सकिन्छ ।

SAFTA सुविधा अन्तरगत बंगलादेशबाट नेपाल सामान आउन सहज भए पनि बंगलादेशले लगाएको Non Tariff Barriers का कारण नेपालबाट बंगलादेश निर्यात हुने फलफूल, तरकारी, Acrylic Yarn लगायतका वस्तुहरुको निर्यातमा कठिनाई भएकाले बंगलादेशमा निर्यात गर्ने वस्तु पहिचान गरि सहज निर्यातका लागि बंगलादेशसंग द्विपक्षिय व्यवसायिक सम्झौताको माध्यमबाट समस्या समाधानगरि बंगलादेश निर्यातमा सहजिकरण गर्दै निर्यात प्रवर्द्धन गरिनु पर्दछ ।

---

## ७. निर्यात प्रवर्द्धन प्रोत्साहन सम्बन्धमा ।

निर्यात प्रोत्साहनका लागि भारत निर्यातमा पनि Value addition लाई आधार बनाइ नगद अनुदान दिइनु पर्दछ ।

निर्यातमूलक उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा प्याकिङ सामाग्रीहरु स्वदेशी उद्योगबाट खरिद गरे सो वस्तुमा लाग्ने अन्तःशुल्क भन्सार महशुल फिर्ता पाउने व्यवस्था गरि स्वदेशी उद्योगको प्रवर्द्धन गरिनु पर्दछ ।

मुलुकमा विद्युत उत्पादन बढिरहेको र सस्तोमा निर्यात गर्नुभन्दा निर्यातमुलक उद्योगका लागि सहुलियत दरमा विद्युत उपलब्ध गराउनु पर्दछ ।

निर्यात प्रवर्धनका लागि Export Logistic Park स्थापना गर्नु अपरिहार्य भएकोले यस्तो पार्क निर्माणलाई प्राथमिकतामा राखी निर्माण गरिनु पर्दछ ।

# Nepal's Trade & Transit Agreement

1. Trade and Payments and Transit Agreements with the People's Republic of Bangladesh, April 2, 1976.
   - o Trade and Payment Agreement
   - o Transit agreement
2. Trade and Payments Agreement with the People's Republic of Bulgaria, July 4, 1980.
3. Trade and Payments Agreement with the People's Republic of China, November 22, 1981.
4. Nepal China Preferential Tariff Treatment
   - o Letter of Exchange
   - o Rules of origin
   - o Duty free products
5. Trade and Payments Agreement with Czechoslovak Socialist Republic, December 12, 1982.
6. Trade Agreement with the Arab Republic of Egypt, December 23, 1975.
7. Trade Agreement with the Republic of India
   - o Treaty of Trade
   - o Treaty of Trade in pdf format
   - o Agreement of Co-operation, 1991
   - o Treaty of Transit, 1999
8. Treaty of Trade, Treaty of Transit and Trade Related Agreements Between Government of Nepal and Neighbouring Countries (India, People's Republic of China & Bangladesh) (Amended and updated up to July 2010)
9. Trade Agreement with the Democratic People's Republic of Korea, December 11, 1970.
10. Trade Agreement with the Republic of Korea, May 6, 1971.
11. Trade Agreement with Mongolia, January 29, 1992.
12. Trade Agreement with the Islamic Republic of Pakistan, July 28, 1982.
13. Trade Agreement with the Republic of Poland, May 12, 1992.
14. Trade Agreement with the Republic of Romania,
15. Trade Agreement with the Democratic Socialist Republic of Sri-Lanka, April 3, 1979.
16. Trade Agreement with the United Kingdom of Great Britain and Northern Ireland, 1965.
17. Trade Agreement with United States of America, April 25, 1947.
18. Trade Agreement with the Union of Soviet Socialist Republic, August 6, 1970.
19. Trade Agreement with the Socialist Federal Republic of Yugoslavia, September 5, 1965



# अन्तर्वार्ता



मोरङको बुढीगंगा गाउँपालिका स्थित स्वस्तिक आयल ईण्ड. प्रा.लि. ले संचालन कालदेखि भटमासको तेल, वनस्पति घ्यू, सूर्यमुखी तेल, पाम तेल, पाल्मोलिन तेल, तोरी तेल, वेकरी सर्टेनिङ लगायतका वस्तु उत्पादन गरी स्वदेशी वजारमा बिक्रि बितरण गर्नुका साथै भारत समेत निकासी गर्दै आएको छ ।

**नाम : रामरसिक ठाकुर**

**आवद्ध उद्योग : स्वस्ति आयल ईण्ड. प्रा.लि**

**पद : महाप्रबन्धक**

## कोभिड १९ को पहिलो र दोश्रो लहरले आर्थिक गतिविधि प्रभावित भयो, यस परिप्रेक्ष्यमा उद्योगको वर्तमान अवस्था कस्तो छ ?

कोभिड १९ को पहिलो र दोश्रो लहरमा कोरोना महामारीका बढ्दो संक्रमणको न्यूनिकरणका लागि लगाइएको लकडाउन र निशेधाज्ञाले उद्योग व्यवसायमा नकारात्मक असर पार्नुका साथै आर्थिक गतिविधिमा सुस्तता छाई मानिसको क्रय शक्तिलाई समेत प्रभावित वनाएको छ। पछिल्लो समयमा सरकारले शुरु गरेको भेक्सिनेसन अभियानले संक्रमित संख्या र मानवीय क्षतिको संख्यामा आएको कमीले  मानिसहरुमा आत्मविश्वास वढनुका साथै लकडाउन र निशेधाज्ञा हटाउनाले बजारमा चहल पहल बढने क्रममा रहेकाले आगामी दिनमा आर्थिक गतिविधिमा तीव्रता उद्योगहरुको अवस्था सुधारोन्मुख हुने विश्वास सबैमा पलाएको छ। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिले उद्योग/व्यवसाय लगायतका क्षेत्रहरुलाई प्रदान गरेको विभिन्न राहत व्यवस्थाले आगामी दिनमा उत्पादन मूलक उद्योगहरु पूर्ववत अवस्थामा फर्कि आर्थिक गतिविधिमा थप तिव्रता आउने विश्वास नीजि क्षेत्रको लिएको छ ।

## आयातको तुलनामा निर्यात खस्कदो अवस्थामा छ, मुलुकको निर्यात व्यापार अभिवृद्धिमा देखिएका मुलभूत समस्याहरु के के हुन ?

बढ्दो व्यापार घाटा न्यूनिकरणका लागि निर्यात व्यापारको भूमिका महत्वपूर्ण हुन्छ। गत आर्थिक वर्षको आयात र निर्यातको अनुपात हेर्ने हो भने आयात १५.३९ खर्बको छ भने निर्यात १.४१ खर्बको मात्र छ । विभिन्न कठिनाईका बावजुद आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा निर्यात वृद्धि भएको छ। गत आर्थिक वर्ष निर्यातमा अग्रस्थान रहेका रिफाईन सोयाविन तेल, सिन्थेथिक यार्न, उनी गलैचा कार्पेट, रेडिमेड गार्मेन्ट, जुटका सामाग्रीहरुको आगामी दिनमा निर्यात अभिवृद्धिका लागि सरकारले रणनीतिक योजना बनाउनु पर्दछ भने निर्यात अभिवृद्धिमा देखिएका समस्याहरुको समाधानका लागि सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ। उद्योगहरुको उत्पादन लागत, प्रकृयागत जटिलता, बढ्दो लजिष्टिक खर्च, बजारको अभाव, कुटनीतिक पहलमा कमी, परिवर्तित प्रविधि अपनाउन नसक्नु, छिमेकी मुलुकहरुको बदलिँदो नीति, कच्चा पदार्थमा परनिर्भता लगायत थुप्रै समस्याले हाम्रो निर्यात व्यापारलाई बढावा दिन सकेको छैन ।

## निर्यात व्यापार वृद्धिका लागि ठोस रुपमा के के गर्नु पर्दछ ?

तीन तहको सरकारले निर्यातमूखी केन्द्रिय योजना ल्याई निर्यातको सम्भावना भएका वस्तुहरुको विवरण तयार गरी उक्त वस्तुहरुको निर्यात अभिवृद्धिका लागि बजारको उपलब्धताका लागि राज्यले सहजीकरण गर्ने नीति अख्तियार गर्नु पर्दछ। त्यसैगरी आयात प्रतिस्थापनलाई समेत निर्यात सरह मानिने भएकाले आयात विस्थापित गर्ने वस्तुको पहिचान, त्यसको उत्पादनका लागि आवश्यक कच्चा पदार्थ, उत्पादनमा सहजीकरण नीति वनाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ भने स्वदेशी उत्पादनलाई राज्यले विशेष नीति अन्तर्गत प्राथमिकता दिइनु पर्दछ।

निर्यात व्यापार वृद्धिका लागि नीजि क्षेत्रको बढ्दो लजिष्टिक खर्च न्यूनिकरणका लागि सरकारी योजना, प्रकृयागत जटिलतालाई सकलीकरण, सातैवटा प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको क्वालिटी सर्टिफिकेसन ल्यावको स्थापनाका साथै छिमेकी मूलुक भारत र चीनसँग विशेष सम्झौता गरी निर्यात हुन सक्ने वस्तुहरुल्य Duty को आधारमा वस्तु निर्यातको व्यवस्थाका लागि कुटनीतिक पहल गर्नु पर्दछ ।

# Nepal Trade Integration Strategy (NTIS) 2016


## Objectives

To substantially enhance trade sector's contribution to GDP through trade-centered growth and to overcome the constraints and challenges associated with trade development and export promotion, the NTIS aims at achieving the following objectives:



Strengthen trade and export enabling environment

Focus on product development and strengthen supply capacity of priority





Strengthen institutional capacity, trade negotiation and inter-agency coordination

Build and enhance trade related infrastructures




# Strategic Outcomes of NTIS 2016

To address the challenges and constraints of Nepal's export promotion and trade competitiveness, NTIS 2016 identifies Actions organized under 19 strategic Outcomes. The 19 strategic Outcomes and their respective Actions will guide the implementation of NTIS 2016 in the coming months and years. The 19 Outcomes are summarized in Table 1 below:

## Development Goal and Strategic Outcomes of NTIS 2016

### Development Goal

Development Goal: Increase the contribution of export potential goods and services to the national economy through improved trade enabling environment and strengthened value chain development of priority export potentials



# Strategic Outcomes

**Outcome 1: Trade Capacity, including Trade Negotiation**
A strong capacity supportive of trade development including in areas of trade negotiation in place

**Outcome 2: Trade and Investment Environment**
Supportive policy and business environment for trade and investment in place

**Outcome 3: Trade and Transport Facilitation**
Nepal's export competitiveness increased through improved trade and transport facilitation

**Outcome 4: Standards and Technical Regulations**
Increased competitiveness of the Nepalese exporters through strengthened lab and testing facilities

**Outcome 5: Sanitary and Phyto-sanitary Standards**
The competitiveness of the Nepalese exporters of agro-based products increased through enhanced capacity to meet international standards

**Outcome 6: Intellectual Property Rights**
Increased number of the Nepalese producers using IPR protections as a competitiveness factor

**Outcome 7: Trade in Services**
Competitiveness of the Nepalese service sector increased

## Potential Export Sectors



**Outcome 8: Large Cardamom**
Volume and value of export of Large Cardamom increased

**Outcome 9: Ginger**
Volume and value of exports of Ginger increased

**Outcome 10: Tea**
Export of Tea significantly increased

**Outcome 11: MAPs**
Exports of MAPs increased through the improvements in value chain development

**Outcome 12: Fabrics, Textile, Yarn and Rope**
Exports of synthetic yarn, synthetic woven fabrics and jute fabrics and bags steadily increased

**Outcome 13: Leather**
Production of raw hides and exports of processed hides increased rapidly

**Outcome 14: Footwear**
Production and export of Footwear significantly increased

**Outcome 15: Chyangra Pashmina**
Exports of Chyangra Pashmina products expanded significantly

**Outcome 16: Knotted Carpets**
Exports of Knotted Carpets regained a strong footing through market and product

**Outcome 17: Skilled and Semi-Skilled Professional at Various Categories (Remittance Generating Services)**
Proportion of skilled/semi-skilled professionals in total out-migration increased and remittance inflow efficiently utilized

**Outcome 18: IT Services and Business Process Outsourcing**
New market for IT & BPO sector developed and export increased significantly

**Outcome 19: Tourism**
Number of foreign visitors, their average duration of stay, and per capita expenditure increased significantly

Source: Nepal Trade Integration Strategy (NTIS) 2016

# संगठनद्धारा आयोजित कार्यक्रमहरुको विवरण

**२०७८ भाद्र ०३ गते**
**Re-Strategizing Your Business During Crisis** विषयक उत्प्रेरणामूलक कार्यक्रम

**२०७८ भाद्र ०६ गते**
संगठनका कार्यक्रमहरुको कार्यान्वयनका लागि सहकार्य गर्ने सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री शेखर गोल्छासँग छलफल

**२०७८ भाद्र १४ गते**
"मेरो देश मेरै उत्पादन" अभियानको संयुक्त बैठक

**२०७८ भाद्र १६ गते**
बजारीकरणमा सहकार्य गर्ने सम्वन्धमा दराज अनलाइनका प्रमुख कार्यकारी अधिकृत Mr. Lino Ahlering, सँग छलफल

**२०७८ भाद्र १७ गते**
सिटिइभिटिका निर्देशक मिष्टर कान्त मैनाली र इन्स्योर परियोजनाका टिम लिडर श्री सुवास सुवेदीसँग सीप विकास कार्यक्रम सम्वन्धी छलफल

**२०७८ भाद्र १८ गते**
औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालनका लागि उद्योग र तालिम प्रदायक बिच सहजीकरण कार्यक्रम

**२०७८ भाद्र २९ गते**
CIM Business Clinic: Consultation Meeting with Sambrdidhi Foundation, FACTS Nepal and Biruwa Advisors Pvt. Ltd.

**२०७८ भाद्र २९ गते**
Consultation Meeting to explore area of collaboration with Swiss Contact/STEP UP

**२०७८ भाद्र २९ र ३० गते**
Mentors Meet : An Orientation on Framework of Mentorship

**२०७८ भाद्र १० गते देखि २७ गतेसम्म**
स्टार्टअप एण्ड ईनोभेसन कार्यक्रमका लागि आवेदकहरुको छनौट (८ वटा कार्यक्रम)


CUMMINS
JAKSON Generator
Most trusted brand in Nepal
JAKSON
SPECIAL ATTRACTION
500 KVA
400 KVA
320 KVA
250 KVA
5 YEARS ENGINE CRITICAL PARTS
WARRANTY
FEATURES
Rating: 7.5 KVA to 3750 KVA
World Class Cummins Diesel Generators
With Stamford Alternator
* Condition Apply
AUTHORISED DEALER
Auto Shop Pvt. Ltd.
Mobile: +977 9851037414, 9801020543


म र मेरो
RC cola
AMERICAN TASTE
Since 1905
Chisoooo
अनि
Mithoooo!